## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/२/२९ गते शुक्रवार देखि २०६६/३/४ गते बिहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८२ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४१३१ कारोबारबाट २३ करोड ९ लाख ७७ हजार रुपैयाँ बराबरका ५ लाख १६ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ७५.७९ प्रतिशतले ह्रास भएको हो । गत साता ३२७५ शेयर कारोबारबाट ९५ करोड ३९ लाख ३१ हजार रुपैयाँ बराबरका ९ लाख २२ हजार ९ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबारमध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र १० करोड ८५ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ४६.९९ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ४.९७ अंकले वृद्धि भई अन्तिम दिन ६८३.७१ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६९६.७८ | ४३४.३२ | ३६९.३५ | ६४६.१९ | ८६१.२२ | २८१.७८ | ६४६.४३ | ७३२.८६ | ७३२.६२ | ६७८.७४ | १८२.३२ | ६५.५६ |
| दोस्रो | ६९७.०१ | ४३४.३२ | ३६९.३५ | ६३३.२७ | ८६८.३५ | २८१.७८ | ६४१.१० | ७३०.८७ | ७१८.१२ | ६७६.४१ | १८२.१९ | ६५.४७ |
| तेस्रो | ६९८.८२ | ४३४.३२ | ३६९.३५ | ६५२.०७ | ८८७.७३ | २८१.७८ | ६४२.७४ | ७३१.०० | ७२२.९५ | ६८१.८३ | १८२.४१ | ६५.८२ |
| चौथो | ७०३.०५ | ४३४.३२ | ३६९.३५ | ६४६.१९ | ८७८.९३ | २८१.७८ | ६४२.५१ | ७३०.१७ | ७२३.४१ | ६८२.८० | १८३.५० | ६५.९३ |
| पाँचौं | ७०४.३५ | ४३४.३२ | ३६८.६३ | ६४६.१९ | ८८३.५३ | २९०.३५ | ६४४.२७ | ७३१.०४ | ७२०.६३ | ६८३.७१ | १८३.६४ | ६६.०३ |
| परिवर्तन | ७.५७ | ०.०० | -०.७२ | ०.०० | २२.३१ | ८.५७ | -२.१६ | -१.८२ | -११.९९ | ४.९७ | १.३२ | ०.४७ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा १.३२ अंकले वृद्धि भई १८३.६४ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ७ लाख रुपैयाँ) को आधारमा नेपाल क्रेडिट एण्ड कमर्स बैंक तथा शेयर संख्या (१ लख ११ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोबार संख्या (५६३ वटा) को आधारमा नेपाल एक्सप्रेस फाइनान्स अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक | ३०.७० |
| २ | बैंक अफ काठमाण्डू | १४.६२ |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | १३.४८ |
| ४ | सिटिजन्स् बैंक इन्टरनेशनल | १२.८२ |
| ५ | नेपाल एसबिआई बैंक | १०.७१ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | नेपाल इन्भेष्टमेन्ट बैंक | हकप्रद | ८०,१०,०३८ कित्ता |
| २ | सिद्धार्थ डेभलपमेन्ट बैंक | हकप्रद | ५३,७४,२७५ कित्ता |
| ३ | इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंक | हकप्रद | २४,००,००० कित्ता |
| ४ | पोखरा फाइनान्स | हकप्रद | १७,८७,२८० कित्ता |